# व्यवसाय पुनर्स्थापना सहयोग सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७७

**प्रस्तावनाः** प्राकृतिक विपद् तथा महामारीजन्य रोगकीराका कारण कृषि बाली, पशुपन्छी र माछा तथा उक्त व्यवसायहरुसँग सम्बन्धित भौतिक संरचनामा परेको क्षतिबाट प्रभावित कृषकहरुलाई पुनर्स्थापना सहयोग उपलब्ध गराउने उद्देश्यले आकस्मिक सेवा टेवा वा प्राकृतिक प्रकोप क्षति न्यूनीकरण कार्यक्रम संचालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

(क) प्रभावित कृषकले आवश्यक कागजातसहित सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा क्षति भएको ३५ दिन भित्र पुनर्स्थापना सहयोगका लागि निवेदन पेश गर्नुपर्नेछ।

(ख) कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा निवेदन प्राप्त भएपछि यथाशक्य छिटो क्षतिको स्थलगत निरीक्षण गरी सहयोग सिफारिस सहितको स्थलगत प्रतिवेदन, कृषकले पेश गरेको निवेदन तथा कागजातहरु सम्बन्धित निर्देशनालयमा पठाउनुपर्नेछ।

(ग) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा १७ को उपदफा २ बमोजिमको समितिले स्थलगत प्रतिवेदन तथा कृषकले पेश गरेको कागजातहरुको आधारमा र आवश्यक भएमा स्थलगत निरीक्षण समेत गरी क्षतिको मूल्याङ्कन गरे पश्चात पुनर्स्थापना सहयोगका लागि सिफारिस गर्नु पर्नेछ।

(घ) सम्बन्धित निर्देशनालयले बुँदा नं १(ग) बमोजिमको सिफारिसका आधारमा पुनर्स्थापना सहयोग रकम उपलब्ध गराउनु पर्नेछ।

(ङ) सम्बन्धित निर्देशनालयले क्षतिको विवरण र उपलब्ध गराउने पुनर्स्थापना सहयोग रकम सहितको विवरण प्रत्येक महिनाको मसान्तभित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(च) पशुपन्छी/मत्स्य व्यवसायको हकमा माहामारी (बर्डफ्लु बाहेक) को कारण रोग लागेको ७ दिन भित्र जम्मा पालन गरेको संख्या मध्ये कम्तीमा ३० प्रतिशत पशुपन्छी वा माछाको मृत्यु भएको हुनुपर्नेछ।

## २. आर्थिक पक्ष

२.१ क्षतिको मूल्याङ्कनका आधारमा देहायका कार्यका लागि अधिकतम तीन लाख रुपैंयासम्म पुनर्स्थापना सहयोग उपलब्ध गराउन सकिनेछ।

**क) पशुपन्छी तथा मत्स्य तर्फ :**

मृत्यु भएका पशुपन्छी वा माछा संख्यालाई अधिकतम संख्या मानी निम्नानुसार पुनर्स्थापना सहयोग उपलब्ध गराउन सकिनेछ।

अ) कोरेली गाई/भैंसी वा राँगो/साढे खरिदः अधिकतम रु २५,०००/- प्रति पशु

आ) हल गोरु खरिदः अधिकतम रु २५,०००/-

इ) माउ भेडा/बाख्रा/बंगुर खरीदः अधिकतम रु ४,०००/- प्रति पशु

ई) प्रजननयोग्य बोका/थुमा/वीर खरिदः अधिकतम रु ७,५००/- प्रति पशु

उ) खोर/गोठ निर्माण/सुधारः अधिकतम रु २५,०००/-

ऊ) लेयर्स कुखुरा बाहेक अन्य पन्छी (ब्रोइलर, मासु र अण्डा दुवै उत्पादनको लागि पालिने कुखुराको प्रजाति र हाँस) का एक दिने चल्ला : रु ३२.५ प्रति चल्ला वा प्रचलित मूल्य जुन कम हुन्छ।

ए) लेयर्स कुखुराको एक दिने चल्ला : रु ५० वा प्रचलित मूल्य मध्ये जुन कम हुन्छ।

ऐ) कुखुरा/हाँसको एक दिने चल्लाः रु ३० प्रति चल्ला वा प्रचलित मूल्य मध्ये जुन कम हुन्छ।

ओ) माछाको भुराः रु १.५ प्रति भुरा (प्रति वर्ग मिटर जलाशयमा १ भुराको हिसाबले)।

ओ) पोखरीको सुधारः प्रति रोपनी रु २,५००/-

अं) घाँस, पराल र हे को संचित स्टकमा क्षति भएमाः आहारा व्यवस्थापनको लागि अधिकतम रु १०,०००/- सम्म

**ख) कृषि तर्फ**

अ) प्राकृतिक प्रकोपबाट क्षति भएका खेती गरिएको जमिन र प्लाष्टिक घर को हकमा क्षतिको मूल्याङ्कन गरी सो को पुनर्स्थापना गर्न लाग्ने कुल लागतको बढीमा ३० प्रतिशतसम्म रकम उपलब्ध गराउन सकिनेछ।

आ) सिँचाई संरचनामा क्षति भएको खण्डमा क्षतिको मूल्याङ्कन गरी सो संरचनाको पुनर्स्थापना गर्न लाग्ने कुल लागतको बढीमा ७५ प्रतिशतसम्म रकम उपलब्ध गराउन सकिनेछ।

इ) खडा बालीमा क्षति भएको हकमा क्षतिको मूल्याङ्कन गरी सोही जग्गामा पुनर्स्थापनाको रुपमा लगाईने बालीको लागि जमिन तयारी, बीउ र बेर्ना खरिदमा बढीमा ७५ प्रतिशतसम्म रकम उपलब्ध गराउन सकिनेछ।

२.२ पुनर्स्थापना पश्चात पेश हुने बिल भरपाई, कार्य प्रगति, स्पष्ट देखिने फोटोहरु वा आवश्यक परेमा स्थलगत अनुगमन प्रतिवेदनका आधारमा सम्बन्धित आवेदकको बैंक खातामा भुक्तानीको रकम उपलब्ध गराउन सकिनेछ।

**३. निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) क्षति भएको बाली/वस्तुको वास्तविक परिमाण र रकम खुलेको विवरण

(ख) सरजमिन मुचुल्का

(ग) सम्बन्धित स्थानीय तह वा वडाको सिफारिस

(घ) भएको क्षति स्पष्ट देखिने फोटोहरु

(ङ) कृषकको नागरिकताको प्रतिलिपि र बैंक खाता सम्बन्धी विवरण

(च) पशुपन्छी तथा मत्स्य महामारीको हकमा सरकारी प्रयोगशालमा गरेको परीक्षण सम्बन्धी कागजातहरु